
# लेखापरीक्षण प्रतिवेदन

# बिरुवा गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बिरुवा गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/723

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
बिरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण) वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण) ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १४ करोड २३ लाख ६५ हजार र गरिव सँग विशेश्वर कार्यक्रम रु ४ लाख १५ हजार समेत गरी रू १४ करोड २७ लाख ८० हजार समावेश गरेको छैन।

२. यस पालिकाको रु १ अर्ब १३ करोड ७० लाख लेखापरीक्षण गरिएकोमा रू १९ लाख १ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ५ लाख १८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु १३ लाख ८३ हजार मध्ये असुल गर्नुपर्ने रू २ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ९ लाख ४ हजार, नियमित गर्नुपर्ने रु २ लाख १५ हजार रहेको छ। गत वर्षसम्म रु १ करोड ९५ लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १ करोड ९५ लाख ४१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**


यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ४७ | १९०१३९५ | ० | ३ | ५१८५८० | ० | ५० | ४४ | १३८२८१५ | २६४४९६ | २१४७१९ | ९०३६०० | ० | ० | १११८३१९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | १९५६३००० | ० | १४०४१५३ | १८१५८८४७ | ० | १३८२८१५ | १९५४१६६२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५७ | धरौटी रकम: | २,०२,८०६ |
| २ | २०७९/८० | ६३ | क्याम्पसलाई अनुदान | ४,८५,००० |
| ३ | २०७९/८० | ४७ | ईन्टरनेट जडान अनुदान: | १२,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७९/८० | ४९ | ल्याव व्यवस्थापन अनुदानः | २,००,००० |
| ५ | २०७९/८० | ६२ | पालिकाको काम उपभोक्ता समितिबाट | ३,८५,३४७ |
| ६ | २०७९/८० | ५७.१/२ | ज्याग्दिखोला साहित्यक प्रतिष्ठानः | १,१९,००० |
| ७ | २०८०/८१ | २०.६/७ | शिक्षा तर्फ ; | ४,९८,००० |
| ८ | २०८०/८१ | १६.२ | ढाका बुनाई तालिम : | २०,५८० |
| जम्मा | | | | १९,२२,७३३ |

# (८०४४३५०५३०० - बिरुवा गाउँपालिका, स्याङ्जा )

# बिरुवा गाउँपालिका , स्याङ्जा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ९५.७९ वर्ग किलोमिटर तथा २५१७९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।५ देखि २०८१।६।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ गरी जम्मा रु.११३७०००००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण तर्फ :**

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सुत्र अनुसारको वित्तीय प्रतिवेदन | | | |
|---|---|---|---|
| | **विवरण** | **यस आ व को कारोवार** | **गत आ व को कारोवार** |
| **क्रं स** | **राजस्व अनुदान र अन्यप्राप्ति** | **नगद भुक्तानी** | **जम्मा भुक्तानी** |
| | कर | ७१००२६१४।३३ | ७१६६४०२४।७३ |
| | अनुदान | ३१०७९१९०४।९६ | ३५२५५९०२२।०० |
| | अन्यराजस्व | २९७७७०९।९४ | ५७३२१९।०० |
| | विविधप्राप्ती | ३९७०९६।०० | - |
| **क** | **कूल जम्माप्राप्ति** | **३८५१६१३२५।२३** | **४२४७९६२६५।७३** |
| | **चालु** | **२८५६८७०८०।९९** | **२९८४९६५३१।००** |
| | पारिश्रमिक।सुविधा | २०८४४४१९१।१६ | २०८७२९६५२।०० |
| | मालसामानतथा सेवाको उपयोग | ५१०७३८७२।३० | ६५३५९१५०।०० |
| | सहायता (subsidy) | ११५९१७८९।०० | १७५७७०८४।०० |
| | अनुदान | १०२५४६८०।०० | ३५९७७७७।०० |
| | सामाजिकसुरक्षा | २९८१६३०।५३ | १७९१२५०।०० |
| | अन्य खर्च | १३४०९१८।०० | १४४१६१८।०० |
| | **पुँजीगत** | **१२००९०८८४।००** | **१४१७३०६७२।००** |
| | भवन तथासंरचना | २७७३७४९०।०० | ४०५४४२८।०० |
| | सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ३१०१७८९।०० | ११४९८२०४।०० |
| | अन्यपुँजीगत खर्च | ३९०६६३२।०० | १०४३७२५।०० |
| | सुरक्षाउपकरण | ० | १९२०९०।०० |
| | सार्वजनिकनिर्माण | ८४५२७६५३।०० | १२४९४२२२५।०० |
| | निर्मितसंरचनाको सुधार खर्च | ६२६५९९।०० | - |
| | मौज्दातसामानहरु | १९०७२१।०० | - |
| | वित्तीय | ० | - |
| ख | **कूल जम्माभुक्तानी** | **४०५७७७९६४।९९** | **४४०२२७२०३।००** |
| ग | **वचत कमी (ग=क-ख)** | **(२०६०८६३९।७६)** | **(१५४३०९३७।२७)** |
| | | | |

| | | | |
|---|---|---|---|
| घ | धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप।घट(+/-) | ६६६१९४४।०० | ३२८८९८५।१५ |
| घ१ | कट्टीरकम भुक्तानी । दाखिला गर्न वांकी | - | - |
| ङ | यसआ व को नगद तथा बैक मौज्दात (वचत।(कमी)) (ङ=ग+घ) | (१३९४६६९५।७६) | (१२१४१९५२।१२) |
| च | गतआ व को नगद तथा बैक मौज्दात | ६६१०९११५।९८ | ७८२५१०६८।१० |
| छ | विनिमयनाफा । घाटा तथा अन्य समायोजन | - | - |
| ज | **आव अन्तको बाँकी नगद तथा बैक मौज्दात (ज=ङ+च+छ)** | **५२१६२४२०।२२** | **६६१०९११५।९८** |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.१४,२३,६५,१३२.० तथा गरिव संग विशेस्वर कार्यक्रमको रु.४१५०००।- समेत गरी रु.१४,२७,८०,१३२.० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार बैंक मौज्दात रु.५,२१,६२,४२०।२२ देखाएकोमा बैंक मौज्दात अनुसार रु.५,२४,२९,२२५।१५ रहेको कारण रु.२,६६,८०४।१३ फरक देखिन्छ। उक्त फरक गत आ.व. धरौटी तर्फको शुरु मौज्दात समायोजन गरेको कारण शुत्रमा घटी देखाएको पाईयो।

३ **बजेट तथा कार्यक्रम तर्फ :**

३.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।२९ मा रु.४९ करोड ०३ लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ मा पारित

भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३.३ **वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा :** राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन अनुसार नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रिया, आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु, आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई आयोजना बैङ्कमा समावेश भएका आयोजनाहरु, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम, सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरु, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु, विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु र दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरु जस्ता विषय ध्यान दिनु पर्ने उल्लेख गरेको छ । पालिकाले संचालन गरेका कार्यक्रमको अवस्था हेर्दा टुक्रा टुक्रा पारेर साना तिना निर्माण र मर्मतका कामहरुमा केन्द्रित भएको देखिन्छ । तसर्थ योजना आयोगले दिग्दर्शन गरेका विषयमा केन्द्रित भएर बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने देखिन्छ ।

३.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२७,६०,०००.० | १,८७,५३,३३६.० | ४.६३ |
| २ | पूर्वाधार विकास | ११,७६,८०,०००.० | ९,०५,५९,००९.० | २२ |
| ३ | सामाजिक विकास | २४,८६,०५,०००.० | २२,१९,७०,००४.० | ५५ |
| ४ | बातावरण तथा विकास | १,००,०००.० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६३,७०,०००.० | ४६,००,९७३.० | १.१४ |
| ६ | अन्य पालिका सञ्चालन तथा प्रशासनिक | ९,४८,५२,६००.० | ६,९८,९४,६४२.० | १७.२३ |
| **जम्मा** | | **४९,०३,६७,६००.०** | **४०,५७,७७,९६४.०** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४.७० प्रतिशत र वातावरण विकासमा सबै भन्दा घटीमा शुन्य प्रतिशत रहेको छ ।

३.५ **खर्च बिश्लेषण :** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५६६४९५८।४८ राजस्व बाँडफाँड र अनुदानबाट रु.४०,२२,१५,८१५।०० समेत रु.४०,७८,८०,७७३।०० आम्दानी भएकोमा चालु तर्फ रु.२८,५६,८७,०८०।० र पूँजिगत तर्फ रु.१२,००,९०,८८४.० समेत रु.४०,५७,७७,९६४.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८७,०९,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १४२.६१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३.६

**आयोजना बैक :** राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमाका सम्वन्धमा स्थानीय तहले आयोजना बैक तयार गरी बार्षिक कार्यक्रमका माध्यमबाट कार्यान्वियन गर्नु पर्दछ भनी २०७८ सालमा दिग्दर्शन जारी गरेको छ । स्थानीय अर्थतन्त्रमा अधिकतम फाइदा पुर्‍याउने, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने र उत्थानशील पूर्वाधार विकास र संस्थागत क्षमता सुदृढीकरणमा स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहितको विवरण तयार गर्नु आयोजना बैंङ्कको उद्देश्य हो।अतः स्थानीय तहले आयोजना बैक तयार गरी सोही वमोजिम कार्यक्रम संचालन गर्नु पर्दछ ।

३.७ **त्रैमासिक पुँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १२००९० | १५३८ | २१५८८ | ४१६२७ | ५५३३९ | २०३१८ |
| प्रतिशत | | १.२८ | १७.९८ | ३४.६६ | ४६.०८ | १६.९२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक कुल पुँजिगत खर्च रु.१२,००९० हजार भएकोमा प्रथम त्रैमासिकमा रु.१५,३८ हजार (१.२८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२,१५,८८ हजार (१७.९८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४,१६,२७ हजार (३४.६६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५,५३,३९ हजार (४६.०८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२,०३,१८ हजार (१६.९२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली तर्फ :**

४.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

• वडा पालिकामा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरु.योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरु.जु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरु.जु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत पालिकाको बेरु.जू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको,

• अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.२ **म.ले.प.फारामहरुको प्रयोग :** तिनै तहका सरकारहरु.मा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखा परीक्षकबाट मिति २०७६।२।१९ मा विभिन्न म ले प फाराहरु. स्वीकृत गरिएका छन् । महालेखा नियन्त्रक पालिकाले उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरिसकेको छ । यस पालिकाले स्वीकृत भएका म ले प फारामहरु. मध्ये निर्माण कार्य संग सम्वन्धि ५०१ देखि ५१४ सम्म फारामरु. मध्ये कतिपय फाराहरु. जस्तै फाराम नं ५०२ परामर्श सेवाको लागत अनुमन फाराम नं ५०५ आईटमवाईज कार्य अभिलेख खाता फाराम नं ५०६ ठेक्कागत अभिलेख खाता फाराम नं ५०७ ठेक्कागत अभिलेख खाता राख्ने गरेको पाईएन ।साथै फाराम नं ५०३ नापी किताव फाराम नं ५०४ ठेक्का सम्वन्धी बिल फाराम नं ५१० कार्यस्वीकार । कार्य सम्पन्न प्रतिवेदन तोकिएको ढांचामा राखेको पाईएन।अत पालिकाले तोकिएका फारामहरु. प्रयोग गरी अभिलेख एवं प्रतिवेदन प्रणाली चुस्त दुरु.स्त एवं पारदर्शी तवरले राख्नु पर्दछ ।

४.३ **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

५ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६ **कानून निर्माण एंव कार्यान्वयन :**

६.१ **कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरु.ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६० वटा नमूना कानूनहरु. बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३९ वटा ऐन, ५ वटा नियमावली, ३७ कार्यविधि लगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ८१ वटा कानूनहरु. निर्माण गरी सभाबाट स्वीकृत गरी उक्त कानूनहरु. राजपत्रमा प्रकाशन गरेको छ।

६.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो वर्ष थप भएको ८ गरी कुल ८ विवाद दर्ता भएकोमा ८ वटा नै फर्स्यौट भई बाँकी देखिदैन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

७ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरु.को सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरु.ले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

८ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरु.लाई रु.२,१९,६३५।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५६,६४,९५८।४८ को ३.८८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्डका आधारमा, पलिकाको आन्तरिक आय समेतलाई ध्यनमा राखि आर्थिक सहायता वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९ **वितरणमुखि कार्यक्रम :**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा केहि भौचरहरु.को परीक्षण गर्दा पालिकाले देयाहबमोजिमका वितरणमुखी क्षेत्रमा खर्च गरेको देखियो। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ :

| भौ.नं. / मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ५२/७/१ | महिला शसक्तिकरण | तिज गित कार्यक्रम सञ्चलन | ७०००० |
| ९२/७/२३ | महिला शसक्तिकरण वडा नं. ५ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| ९३/७/२३ | महिला शसक्तिकरण वडा नं. ४ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| १०४/७/२३ | महिला शसक्तिकरण वडा नं. २ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| १२०/७/२३ | महिला शसक्तिकरण वडा नं. ३ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| १२१/७/२३ | महिला शसक्तिकरण वडा नं. १ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| १२२/७/२३ | महिल शसक्तिकरण वडा नं. ८ | तिज गित कार्यक्रम सञ्चलन | ३५००० |
| ६९/२०८०/७६१४ | संघ संस्था सहायता (एवार्ड फङ्कसन) | इक्टिभ म्युजिक प्रा. लि. लाई | ४०,००० |
| १४२/९/१२ | संघ संस्था सहायता ( राष्ट्रिय क्रिकेट) | मदन भण्डारी स्पोर्टस् एकेडेमी | ४०,००० |
| २४०।१०/२१ | खुदि युवा क्लब | खुदी मेला आयोजना | ३०,००० |
| २८५/११/२१ | स्याङ्जा चेम्वर्स अफ कमर्स | स्याङ्जा आँधिखोला महोत्सव | ३०,००० |
| ३८५/१/२८ | निजामति कर्मचारी संगठन जिल्ला कार्य समिति स्याङ्जा | कायालेन्डर छपाई | १०००० |
| ४१८/२/७ | मिलिनियम ट्रेक (पदमार्ग) व्यवस्थापन समिति | अन्तक्रिया कार्यक्रम | २४५०० |
| ४३२/२/२० | मनकामना मन्दिर व्यवस्थापन समिति | मनकामना महोत्सव | १,००,०००।- |
| ४९१/३/११ | नेपाल निजामती कर्मचारी युनियन | सुचना प्रकाशनको भुकतानी | १५००० |
| ५७८/३/२० | पच्चु प्ये संकलन प्रकाशन उपभोक्ता समिति | मगर तथा गुरुङ्ग भाष प्रवर्द्धन कार्यक्रम वाट पुस्तक प्रकाशन कार्यको लागि भुक्तानी | १३४०७५ |

१० **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरु.ले यो वर्ष पूँजीगत तथा चालु किसिमका सामग्री खरिद गर्दा एउटै प्रकृतिको सामान पटक पटक एउटै फर्मबाट खरिद गरेको देखिन्छ। नियमावलीको व्यवस्था अनुरु.प प्रतिस्पर्धात्मक विधि मार्फत खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ :

| भौ.नं./ मिति | विवरण | भुक्तानी पउनेको नाम | रकम |
|---|---|---|---|
| ३०/०८०/६/२५ | मसलन्द तथा पालिका सामाग्री योजना किताब छपाई | अधिकारी कम्प्युटर प्रिन्टस् एण्ड एडभर्टाईजिङ्ग | २२३१७५ |
| ३४०/०८१/१/६ | अन्य पालिका सञ्चालन भु- उपयोग क्षेत्रको कित्ताकाट वर्गिकरण किताब छपाई | आदर्श अफसेट प्रिन्टर्स | १३४,७५२ |
| २५/०८०/६/२५ | बजेट किताब छपाई | गोर्खाली अफसेट प्रेसलाई | ९०१७४ |
| २३६/०८०/१०/२१ | पुस्तक तथा सामाग्री (नियम संग्रह) | गोर्खाली अपसेट प्रेस छपाई | ५६२५० |
| ४६६/०८१/२/३१ | स्थानीय पाठ्यपुस्तक छपाई शिर्षकबाट विद्यार्थि मुल्याङ्कन फारम छपाई | बन्धु अपसेट प्रेस( | ६१०२० |
| ४६८/०८१/२/३१ | स्थानीय पाठ्यपुस्तक छपाई परिक्षा पत्र छपाई | बन्धु अपसेट प्रेस | ५५३७० |
| ४६९/०८१/२/३१ | स्थानीय पाठ्यपुस्तक छपाई मुल कपी छपाई | बन्धु अपसेट प्रेस( | ३२५४४ |
| ५०२/०८१/३/११ | वडा नं. २ को स्मारिका छपाई | दि मोर्डन अपसेट प्रेस | १,८६,४५० |
| २३९/०८०/१०/२१ | विरु.वा ऐन नियम कार्यविधि निर्देशिका खण्ड (४) | स्पर्श डिजिटल प्रेस | ५६२५० |
| २८८/०८०/११/२४ | विरु.वा ऐन नियम संग्रह छपाई | गोर्खाली अफसेट प्रेसलाई | १,७६,५६२ |
| ४४९/०८१/२/२८ | स्थानिय पाठ्यपुस्तक छपाई | बन्धु अपसेट प्रेस हाम्रो विरु.वा पुस्तक | ५,८२,१७६ |
| ३७/०८०/६/२६ | स्टेशनरी आईटम | अस्मिता ट्रेड कन्सर्न | ९८९३१।- |
| २६७/०८०/११/१४ | स्टेशनरी आईटम | अस्मिता ट्रेड कन्सर्न | ३,२८,३१० |
| २८१/०८०/११/२१ | स्टेशनरी आईटम | अधिकारी कम्प्युटर प्रिन्टस् एण्ड एडभर्टाईजिङ्ग | ९९४८५ |
| ३८/०८०/६/२६ | स्टेशनरी आईटम खरिद | अधिकारी कम्प्युटर प्रिन्टस् एण्ड एडभर्टाईजिङ्ग | ३११३१५ |
| ५६९/०८१/३/२० | स्टेशनरी आईटम खरिद | अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड एडभर्टाईजिङ्ग | २१३००५ |
| ५७३/०८१/३/२० | स्टेशनरी आईटम खरिद | अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड एडभर्टाईजिङ्ग | ९६३८९ |
| २७९/०८०/११/२१ | कम्प्युटर मर्मत तथा पार्ट्स | भोले बाबा ईन्टरप्राईजेज | ९९४४० |
| २८२/०८०/११/२१ | कम्प्युटर मर्मत तथा पार्ट्स | भोले बाबा ईन्टरप्राईजेज | ८३०५० |
| ५७०/०८१/३/२० | फोटोकपी मेशिन तथा प्रिनटर मर्मत | भोले बाबा ईन्टरपाराईजेज | ४३५०५ |
| ५७१/०८१/३/२० | टोनर रिफिल | भोले बाबा ईन्टरपाराईजेज | ९५२९५ |
| ५७२/०८१/३/२० | ल्यापटप र प्रिन्टर मर्मरत | हरिकला ईन्टरप्राईजेज | ५६५०० |
| ५७४/०८१/३/२० | कम्प्युटर पार्ट्स | लेखा गुड्स एण्ड गुड्स सप्लायर्स प्रा. लि. | ९८९३१ |
| ३१/०८०/६/२५ | ल्यापटप मर्मत तथा सोलार प्यानल तथा ईन्भर्टर मर्मत कर्टेज | हरिकला ईन्टरप्राईजेज (९०८५२)<br>भोले बाबा ईन्टरप्राईजेज ११०७४० | २०१५९२ |
| | | **जम्मा** | **२१०८०४२** |

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत, शिक्षा अधिकृत, आन्तरिक लेखापरीक्षक, प्रशासन सहायक, सव-ईन्जीनियर, सहित १५ पदहरु. रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु. यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२ **तलवी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ कर्मचारीको रु.११५,६२,७४९।- र पालिकाका ३१ स्थायी कर्मचारीको रु.१,७७,८९,७४२।- समेत रु.१,८२५९१४६६।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१३ **कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यविधि बनाई अतिरिक्त कार्य गरेवापत रु.३,९७,५४०।- प्रोत्साहन भत्ता खर्च छ । प्रोत्साहन भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार बढ्न जाने हुँदा पालिकाको आन्तरिक आयलाई समेत विचार गरी भत्ता वितरणको निश्चित मापदण्ड तयार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१४ **अवकाश कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१५,००,००० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै कानुनको व्यवस्था भएको देखिएन। कानुनी व्यवस्था गरी अवकास कोष सञ्चालन गर्नुपर्दछ।

१५ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.५३,७३,७४५.० अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाईएन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ :

| क्र.सं. | कार्यक्रमकोनाम | बजेटरु. हजारमा | खर्च भएको | खर्च% | कैफियत |
|---|---|---|---|---|---|
| १ | किसानसूचीकरण कार्यक्रम साझेदारी | ५०००० | ४९९९० | १०० | |
| २ | मौरी कार्यक्रम (तालिम तथा खाली घार वितरण) | ३००००० | ३००००० | १०० | ५०प्रतिशत अनुदान |
| ३ | अगुवा कृषक, कृषि पशु कर्मचारी तालिम र कृषि विउ विजन वितरण | ४००००० | १६४७०० | ४१ | ५०प्रतिशत अनुदान |
| ४ | कृषि संकलन केन्द्र तथा हाट बजार व्यवस्थापन | ३००००० | ४६२०० | १५ | |
| ५ | कृषकअनुदान | १८००००० | १५६८०४५ | ८७ | ५०प्रतिशत अनुदान |
| ६ | कृषि सामग्री खरिद (५०% साझेदारी) | ५००००० | ५००००० | १०० | ५०प्रतिशत अनुदान |
| ७ | कृषि कार्यक्रम (सुन्तला बगैंचा सुधार कार्यक्रम, ल्याव सामग्री, प्रांगारिक मल उत्पादन कार्यक्रम, माटो परिक्षण, कृषक सिकाइ भ्रमण, कृषि चुनवितरण, अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार) | ७००००० | ६००००० | ८६ | ५०प्रतिशत अनुदान |
| ८ | ५० प्रतिशत अनुदानमा एक वडा एक नर्सरी स्थापना (तरकारी र फलफूल) | ३००००० | ० | ० | आवेदन नपरेको |
| ९ | टनेल हाम्रो तरकाली हजुरको कार्यक्रम (५०% अनुदान) | ३००००० | ३००००० | १०० | ५०प्रतिशत अनुदान |
| १० | तालिम संचालन (च्याउ कफी तरकारी) | २५०००० | २५०००० | १०० | |
| ११ | रैथाने बाली प्रवर्द्धन | ३००००० | ० | ० | आवेदन नपरेको |
| | **जम्मा** | **५२०००००** | **३७७८९३५** | | |
| | **संघीय सरकार सशर्त कार्यक्रम** | | | | |
| १२ | कृषि, पशुपंछी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम | १००००० | १००००० | १०० | |
| १३ | कृषि स्नातक करार | ५२५००० | ३८१३५७ | ७३ | |
| १४ | आ.व. २०७९/८० मा स्थापना भएको अदुवा बेसार पकेट विकास कार्यक्रमनिरन्तरता | ६००००० | २५९३५० | ४३ | ५०प्रतिशत अनुदान |
| १५ | फलफूल क्षेत्र विस्तार कार्यक्रम | ९७५००० | ६०५११८ | ६२ | ५०प्रतिशत अनुदान |
| १६ | किसान सूचीकरण | २४९००० | २४८९८५ | १०० | |
| | **जम्मा** | **२४४९०००** | **१५९४८१०** | | |
| | **कुल जम्मा** | **७६४९०००.०** | **५३७३७४५.०** | | |

१६ **ढाका बुनाई तालिम :**

उपाध्यक्ष महिला उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत पालिकाले यस वर्ष ढाका बुनाई तालिम कार्यक्रम मिति २०८०/१२/२५ देखि २०८१/३/५ गतेसम्म ७४ दिन सञ्चालन गरेको छ। सो कार्यक्रमका लागि आवश्यक तालिम सामाग्री अन्तर्गत देहायबमोजिमको सामाग्री खरिद वापत रु. ५६०,९६०।– र तालिम सञ्चालन वापत रु.४४८८१७।– गरी जम्मा रु.१००९७७७।- खर्च गरेको छ।सो सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छनः

१६.१ (३३९-२०८१-१-६):

**उपकरणको उपयोग :** पालिकाले तालिम सञ्चालनका लागि आवश्यक बुनाई गर्ने तान लगायत देहायबमोजिम सामान निखिल ढाका उद्योगबाट खरिद गरेकोछ। सो तालिम सम्पन्न भएपश्चात् ति सामानको उपयोग सम्बन्धमा खरिद भएका पुँजिगत प्रकृतिका सामान केही पालिकाको स्टोरमा रहेको र केही सहभागीलाई प्रयोग गर्न दिएको पालिकाको भनाई रहेको छ। आवश्यकताका आधारमा पूर्व कार्ययोजना तयार गरी खरिद गर्ने र खरिद भएको सामानको उपयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ :

| सि.नं. | सामानको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|
| १ | सारी तान सेट | ५०८५० | ८ | ४०६८०० |
| २ | कोका कंगी सेट | ६९०५ | ८ | ५५२४० |
| ३ | वायरिङ्ग ड्रम सेट | ८८०१६ | १ | ८८०१६ |
| ४ | चर्खा सेट | ११००० | १ | ११००० |
| | | | **जम्मा** | **५६०,९६०।–** |

१६.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२०,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१७ **सामाजिक सुरक्षा तर्फ :**

१७.१ **सामाजिक सुरक्षा :** सामाजिक रु.पमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ।यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.१४२३६५१३२।०० खर्च गरेको छ।यस कार्यक्रमबाट लक्षित वर्गका रु.पमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु. समेत ३५४० जना लाभान्वित भएको देखिन्छ ।

१७.२ **सामाजिक सुरक्षा (निकासा तथा खर्च लेखाङ्कन) :** नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गला्इ सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०८०।८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ८ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.३५०९७९११, दोश्रो त्रैमासिकमा रु.३५३९८२१४, तेश्रो त्रैमासिकमा रु.३५७४२७८८ र अन्तिम त्रैमासिकमा रु.३६१२६२१९ गरी जम्मा रु.१४२३६५१३२ निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।

१७.३ **मृत्यू पश्चातको बैंक निकासा :** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिन देखि भत्ता निकासा रोक्नु पर्ने व्यवस्था छ । पालिकाले

त्रैमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तिको मृत्युपश्चात पनि भत्ता निकासा गरेको देखियो ।यसरी मृत्युपश्चात वितरण भएको सामाजिक सुरक्षा भत्ता असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| वडा नं. | नाम | मृत्यु मिति | नागरिकता नं | सा सु भत्ता जानुपर्ने रु. | सा सु भत्ता गएकोरु. | फिर्ता गर्नुपर्ने देखिएको रु. |
|---|---|---|---|---|---|---|
| २ | ढोकबहादुर गुरु.ङ्ग | २०८०।०९।२८ | ९९५५ | ० | १२००० | १२००० |
| २ | टेकीमाया आले | २०८०।११।०७ | ८१८३ | ४९३३.५१ | १२००० | ७०६६.४९ |
| २ | औतिगुरु.ङ | २०८०।०१।१९ | २९५९ | ६६६६.८ | १२००० | ५३३३.२ |
| २ | बलरामगुरु.ङ | २०८१।०२।०७ | ७२६२ | ५३३३.५ | १२००० | ६६६६.५ |
| ३ | सितादेवी राना | २०८०।०५।०१ | १९१२ | ४००० | १२००० | ८००० |
| ३ | चित्रबहादुर थापा | २०८०।११।२९ | २५१४ | ८००० | १२००० | ४००० |
| ४ | पूर्णिमाया थापा | २०८०।०६।२२ | १३८८ | ० | १२००० | १२००० |
| ४ | अम्बीमाया गुरु.ङ | २०८०।०५।०५ | ६४२५ | ४६६६ | १२००० | ७३३४ |
| ४ | कृष्णबहादुर गुरु.ङ | २०८१।०२।२७ | १७४९ | ८००० | १२००० | ४००० |
| ६ | होमबहादुर थापा | २०८०।०५।१९ | ८५२२ | ६६६७ | १२००० | ५३३४ |
| ६ | धनकुमारी लम्साल | २०८०।०५।२६ | ८५११ | ८००० | १२००० | ४००० |
| ६ | सिताकोइराला | २०८०।०७।१५ | ८०९६ | २००० | १२००० | १०००० |
| | **जम्मा** | | | **५८२६६** | **१४४०००** | **८५७३४** |

मृत्यु पश्चात् वडाबाट लगत कट्टा गरी एन. आई. एम. बि. बैंकबाट रु.८४००। र मुक्तिनथ बैंकबाट रु.२८६६७।९९ समेत रु.३७०६७।९९ रकम पालिकाको नाममा फिर्ता गरेको देखिएता पनि कुन कुन वडाको, कुन कुन लाभग्राहिको फिर्ता भएको हो सम्बन्धमा फिर्ता रकम एकिन गर्नुका साथै फिर्ता गर्न बाँकी रकम लाभग्राहिको नाम नामेसी खुलाई एकिन गरी फिर्ता गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,७३४.१९ |

१८ **आन्तरिक आय तर्फ :**

१८.१ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३,४१,१६,६९८.० | रु.५६६४९५८।४८ | १.८२ % |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८.२ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,००,०००,००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष

२०८०।८१ मा रु.५६६४९५८।४८ अर्थात अनुमान भन्दा ६७.०४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१८.३ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २७,४८,०००.० | १७,०५,८१३.० | ६२.०७ |
| घरजग्गा वहाल कर | ८०००००.० | ८७२७९९.० | १०९ |
| व्यवसाय कर | ७१००००.० | २२४६२०.० | ३१.३० |

पालिका भित्र रहेका करदाताहरु.को अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१८.४ **राजश्व अभिलेख :** पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी पालिका प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु. छपाई गरेर वडा पालिकामा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरु.मा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरु.ले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

१८.५ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७,१०,०००.० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु.को अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१९ **सामुदायिक वनको आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सामूदायिक वन उपभोक्ता समितिको अभिलेख राख्ने गरेको पाईएन भने सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउने गरेको एवं वन पैदावारको विक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकाको सचित कोषमा जम्मा गर्ने गरेको पाईएन । उयर्युक्त कानूनी व्यवस्थाको पालना हुनु पर्दछ ।

२० **शिक्षा तर्फ ;**

२०.१ **पाठ्य पुस्तक तर्फ :** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरु.का लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ

तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१० सम्मका विद्यार्थीहरु.को यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरु.ले शैक्षीक सत्रको शुरु.वातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने, विद्यार्थीहरु.ले पाठ्यपुस्तक वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्नु पर्ने लगायतका विषयहरु. उल्लेख गरेको छ। पालिकाले यो वर्ष ३२ विद्यालयका २४४६ विद्यार्थिलाई ७५ प्रतिशतले रु.१०२५९०९.५० र दोस्रो पटक नपुग २३ विद्यालयलाई रु.२७९०४६ गरी जम्मा रु.१३०४९६० निकासा दिएको छ।लेखापरीक्षणको क्रममा कुनै विद्यालयको माग फारम,कुनै विद्यालयको पा पु खरिद वील एंव कुनै विद्यालयको विद्यार्थीहरु.ले पा पु बुझेको भरपाई पेश भएको देखिदैन।पालिकाले विद्यालयले माग गरेको माग फारम,खरिद बील एंव विद्यार्थीले पाठ्य पुस्तक बुझेको भरपाई एंव बास्तविक संख्याको आधारमा निकासा दिनु पर्दछ।

२०.२ **दिवा खाजा :** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकला.प नं. २.७.११.१ मा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मका ६३ विद्यालयका २७१० विद्यार्थीहरुलाई स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु. १५ का दरले पहिलो त्रैमासिको वजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालय भौतिक रुपमा चलेको दिन खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भएपछि मात्र थप अनुदान दिनुपर्ने ,दिवा खाजाको ब्यवस्था गर्दा वजारवाट खरिद गरिएको जङ्कफूड नखुवाई ताजा र पोषलो दिवा खाजाका लागी स्थानिय कृषि उपजमा आधारित खाद्यान्न ,तरकारी ,दुध,दही,माछा-मासु,फलफुल लगायतका सामाग्रीहरु गरी खरिद गरिएका खाद्यान्नको परिमाण र वील भर्पाई तथा भएको खर्च विद्यलय ब्यवस्थापन समिती र खाजा ब्यवस्थापन उप समिती वाट अनुमोदन गर्नपर्ने, विद्यलयवाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानिय तहवाट निरन्तर अनुगमन निरिक्षण गर्ने, दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या,प्रगती प्रतिवेदनले विद्यालयमा दिवा खाजा कार्यक्रम भएको वास्तविक खर्चको यथार्थता यकिन हुने उल्लेख छ।पालिकाले विद्यार्थिको हाजीर नलिई विद्यालयबाट उपलब्ध गराएको कक्षागत विद्यार्थि विवरण र खाजा खुवाएको संख्याका आधारमा यो वर्ष कुल रु.२६६०६७३।०० निकाशा गरिएको छ।विद्यालयले IEMIS मा उल्लेखित तथ्याङ्कको सत्यापन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित sf{विधि अनुसार विद्यार्थीको प्रमाणित यथार्थ संख्यात्मक विवरण,स्थानिय कृषि उपजको प्रयोग,भएको खर्चको अनुमोदन,स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन,विद्यार्थीको प्रमाणित हाजीरी आदि अनुसार दिवा खाजा उपलब्ध गराउने तर्फ तथा पालना गर्ने गराउने तर्फ सम्वन्धित सरोकारवालाको ध्यान जानु पर्दछ।

२०.३ **छात्रा तथा दलित विद्यार्थि छात्रवृत्ती :** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ मा IEMIS मा प्रविष्टी भएको सँख्यालाई विद्यालय व्यावस्थापन को रोहवरमा सत्यापन भरी विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्री अनुदान निकाशा गर्नुपर्ने उल्लेख छ।यस वर्ष पालिकाले ३२ विद्यालयका ७२१ छात्रा र २५२ दलित विद्यार्थि गरी जम्मा ९७३ विद्यार्थीहरु.लाई कुल रु.३८९२०० छात्रवृती अनुदान निकाशा दिएको छ।IEMIS मा प्रविष्टी भएको सँख्यालाई विद्यालय व्यवस्थापनको रोहवरमा सत्यापन भरी विद्यार्थी सँख्या यकिन गरेर बास्तविक विद्यार्थि संख्याका आधारमा मात्र छात्रवृत्री अनुदान निकाशा गर्नु पर्दछ।

२०.४ **विद्यार्थि संख्या भन्दा बढी छात्रवृति निकासा :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ र १० मा रित प्रकृया तथा यथेष्ट प्रमाण कागजात पेश भएपछि भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका विद्यालयहरु.लाई विद्यार्थि संख्या भन्दा बढी छात्रवृति निकासा गरेको देखिएकोले विद्यार्थि संख्या भन्दा बढी निकासा भएको रु.३९,२००.० असूल गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| सि.नं. | विद्यालयको नाम | IEMIS अनुसार छात्रा | IEMIS अनुसार दलित | जम्मा विद्यार्थिसंख्या | भरपाई | कम विद्यार्थिभरपाई | दर | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीजिबन ज्योति मा वि,विरु.वा ७ | ६७ | ३ | ७० | ६० | १० | ४०० | ४००० |
| २ | श्रीअरनिको मा वि | ३४ | ३७ | ७१ | ७० | १ | ४०० | ४०० |
| ३ | श्रीआदिकवि जीत आ वि | ११ | १ | १२ | ११ | १ | ४०० | ४०० |
| ४ | श्री धोबादी भञ्ज्याङ्ग आ वि | ९ | ५ | १४ | ११ | ३ | ४०० | १२०० |
| ५ | श्रीजन जागृति आ वि, विरु.वा ६ | २५ | २ | २७ | २१ | ६ | ४०० | २४०० |
| ६ | श्रीदेववाणी आ वि | १७ | ० | १७ | १४ | ३ | ४०० | १२०० |
| ७ | श्रीनव ज्योति मा वि | ४६ | ११ | ५७ | ४३ | १४ | ४०० | ५६०० |
| ८ | श्री भुरु.ङ्ग चौकी मा वि | ४४ | १३ | ५७ | ४९ | ८ | ४०० | ३२०० |
| ९ | श्रीविद्या विकास आ वि | ३ | २ | ५ | ३ | २ | ४०० | ८०० |
| १० | श्रीप्रभात आ वि | २५ | १८ | ४३ | ३४ | ९ | ४०० | ३६०० |
| ११ | श्रीदिपेद्रोदय आ वि | ७ | ८ | १५ | १४ | १ | ४०० | ४०० |
| १२ | श्रीलोकप्रिय आ वि | ८ | १ | ९ | ८ | १ | ४०० | ४०० |
| १३ | श्रीकिचनास आ वि | ४९ | २७ | ७६ | ५६ | २० | ४०० | ८००० |
| १४ | श्रीभविष्य निर्माण मा वि | ५४ | २१ | ७५ | ५६ | १९ | ४०० | ७६०० |
| **जम्मा** | | **३९९** | **१४९** | **५४८** | **४५०** | **९८** | | **३९२००** |

| असुल गर्नुपर्ने | ३९,२०० |
|---|---|

२०.५ **छात्रवृति रकम :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाबाट भएको छात्रवृत्ति निकासा मध्ये देहायका विद्यालयमा भएको वितरणको भरपाई स्रेस्ता साथ संलग्न नभएकोले सम्वन्धित विद्यालयले विद्यार्थीहरुले छात्रवृति वुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा सम्वन्धित विद्यालयबाट उक्त रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | IEMIS अनुसार छात्रा | | IEMIS अनुसार दलित | जम्मा विद्यार्थीसंख्या | भरपाई | कम विद्यार्थीभरपाई | दर | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीलाकुरी डाँडा | ५ | | ३ | ८ | ० | ८ | ४०० | ३२०० |
| २ | श्रीश्याम पोखरी आ वि | १२ | | ७ | १९ | ० | १९ | ४०० | ७६०० |
| ३ | श्रीजनप्रिय मा वि | ६३ | | १७ | ८० | ० | ८० | ४०० | ३२००० |
| ४ | श्रीदिब्य प्रकाश मा वि | २० | | २ | २२ | ० | २२ | ४०० | ८८०० |
| **जम्मा** | | **१००** | | **२९** | **१२९** | | **१२९** | | **५१६००** |

| प्रमाण पेश नगरेको | ५१,६०० |
|---|---|

२०.६ **इन्टरनेट जडानको बिल भरपाइ नभएको :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाबाट देहायको विद्यालयहरुमा इन्टरनेट जडान वापत रु.६००००।- भुक्तानी दिएकोमा सोको विल भरपाई स्रेस्तासंग संलग्न नभएकोले सम्बन्धित विद्यालयको इन्टरनेट जडानको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्याम पोखरी आ वि | १२००० |
| २ | नब ज्योति मा वि | १२००० |
| ३ | जिवन ज्योति मा वि | १२००० |
| ४ | धोबादी भञ्ज्याङ्ग आ वि | १२००० |
| ५ | जामुने डाँडा मा वि | १२००० |
| | **जम्मा** | ६०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ६०,००० |
|---|---|

२०.७ (१२१-२०८१-२-२६):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **४८६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरु.को विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रु.पमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ३२ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई ६००१ श्रम दिन रोजगारी उपलव्ध गराई रु.४०,८०,६८०।०० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२२ **औषधि खरिद :**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा कुल म्यादको ६०% बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.१३,५३,०२३.० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रु.पमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ :

| भौ. नं. / मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ६५/८०/१०/१८ | आधारभुत तथा आकस्मिक औषधि खरिद भुक्तानी **दररेट मार्फत**<br>विभीन्न १० प्रकारका औषधि | माउण्ट अन्नपुर्न फार्मेशी ( खरिद सम्झौता वेगर कार्यादेश वेगर) | २,५५,४४०.० |
| ६४/८०/१०/१८ | आधारभुत तथा आकस्मिक औषधि खरिद भुक्तानी **दररेट मार्फत**<br>विभीन्न १८ प्रकारका औषधि | माउण्ट अन्नपुर्न फार्मेशी ( खरिद सम्झौता वेगर कार्यादेश वेगर) | ३,५८,०१५.० |
| ८३/२०८०/१२/०१ | आधारभुत तथा आकस्मिक औषधि विभिन्न ६१ प्राकारका | क्यान्डेला मेडो कन्सर्न बाट दररेट मार्फत छनौट गरी | ४,८४,८९९.० |
| १५४/२०८१/३/१२ | आधारभुत तथा आकस्मिक औषधि | क्यान्डेला मेडो कन्सर्न बाट दररेट मार्फत छनौट गरी | ७५,६४६.० |
| ५०७/०८१/३/१२<br>चालु तर्फ बाट | आधारभुत तथा आकस्मिक औषधि<br>लोगो नभएको, मुल्य अंकित भएको | क्यान्डेला मेडो कन्सर्न बाट दररेट मार्फत छनौट गरी | ४,३४,४६३.० |
| | | **जम्मा** | **१३,५३,०२३.०** |

२३ **बढी भुक्तानी :** (१६३-२०८०-११-१७):

मेशिनबाट माटो कटान कार्य र खानीको ढुंगा माटो विछ्याउने कार्यको स्यालडांडा गैरास्वारा कुसुम भञ्ज्याङ्ग ग्रामिण सडक स्तरोन्नति उपभोक्ता समितिको योगदान १०.५८ प्रतिशत हुने गरी सम्झौता भएको छ । निर्माण सम्पन्न प्रतिवेदन अनुसार उक्त काम रु.. ५,३६,८२३।१८ मा सम्पन्न भएको भनिएता पनि संलग्न स्काभेटर एवं जे सि वि को विल अनुसार रु.. ४,४६,७२०। मात्रको काम भएको देखिन्छ । सम्झौता अनुसार उक्त काममा उपभोक्ताको योगदान घटाउदा रु.. ३,९९,४१२।भुक्तानी दिनु पर्नेमा रु..४,८५,०००।

मा रु. १९,८७८। कन्टिन्जेन्सी मर्मत तथा कर कट्टी गरी रु..४,६५,१२२। भुक्तानी दिएकोले रु..८५,५८८। वढि भुक्तानी दिएको असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,५८८ |

२४ **बढी व्ययभार :**

२४.१ (१३०-२०८०-१०-१८):

**क.** अर्चले गाबु आर्केकोट विरुवा सडक स्तरोन्नती कार्य उपभोक्ता समिति मार्फत गर्दा पि.सि. सि १:२:४-M15 दर प्रति घनमिटर रु १४,६३७.११ प्रयोग गरेको छ।तर सो कार्यको दर सडक विभागको नर्मस अनुसार प्रतिघनमिटर रु ९,४६३.४३ मात्र हुने देखिन्छ । यसरी विशिष्ठिकृत नर्मसलाई आधार मानेर नर्मस नवनाई फरक नर्मस प्रयोग गरी निर्माण कार्य गरेबाट ३४.७१ घन मिटरको प्रति घन मिटरमा रु.५१७३.६८ वढी दरले भुक्तानी गरेबाट पालिकालाई वढि व्ययभार भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७९,५७८ |

२४.२ (८७-२०८०-९-२५):

**ख.** विरुवा बजार देखी भुजेडाँडा सम्म ग्रामीण सडक स्तरोन्नती कार्य उपभोक्ता समिति मार्फत गर्दा पि सि सि १:२:४-M15 दर प्रति घनमिटर रु १०२०१।३१ प्रयोग गरेको छ।तर सो कार्यको दर सडक विभागको नर्मस अनुसार प्रतिघनमिटर रु ९१७७.९५मात्र हुने देखिन्छ ।यसरी विशिष्ठिकृत नर्मसलाई आधार मानेर नर्मस नवनाई फरक नर्मस प्रयोग गरी निर्माण कार्य गरेबाट २९.५३ घन मिटरको प्रति घन मिटरमा रु १०२३.३६ वढी दरले भुक्तानी गरेबाट पालिकालाई वढि व्ययभार भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३०,२०९ |

२४.३ (२६५-२०८१-१-१४):

**ग.** कुशुमभञ्ज्याङ यादी बलेउ सडक स्तरोन्नती कार्य उपभोक्ता समिति मार्फत गर्दा पि सि सि १:२:४-M15 दर प्रति घनमिटर रु. १०२०१।३१ प्रयोग गरेको छ।तर सो कार्यको दर सडक विभागको नर्मस अनुसार प्रतिघनमिटर रु. ९२०२.९१ मात्र हुने देखिन्छ । यसरी विशिष्ठिकृत नर्मसलाई आधार मानेर नर्मस नवनाई फरक नर्मस प्रयोग गरी निर्माण कार्य गरेबाट ४.९४ घन मिटरको प्रति घन मिटरमा रु. ९९८.४० वढी दरले भुक्तानी गरेबाट पालिकालाई वढि व्ययभार भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९३२ |

२५ **अभिलेख व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।

२६ **पार्क निर्माण :**

नेपाल पर्यटन बोर्डसंगको साझेदारीमा पालिकामा बोर्डको ७७.३० प्रतिशत, गाउँपालिकाको १० प्रतिशत र उपभोक्ता समितिको १२.७० प्रतिशत साझेदारीमा उपभोक्ता समितिलाई सहभागी गराई लागत अनुमान रु.४,८५,७३५.० भएको कुमढुङ्गा पार्क र लागत

अनुमान रु.८५०४३२.० भएको मिलिनियम ट्रेक भासी पोखरी पार्क निर्माण कार्य सम्पन्न गरिएको देखिएका व्यहोराहरु. देहाय अनुसार छन् :

२६.१ **प्राविधिक मूल्यांकन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।माथि उल्लेखित पार्कहरु.को निर्माणको लागि लागत अनुमान तयार गर्दा मेशिनरीको सहयोगबाट कडा माटो खन्ने कार्य, सिमेन्ट, कंक्रिट, ढुंगा जस्ता सामाग्रीहरु.को प्रयोगबाट सम्पन्न गर्ने उल्लेख गरिएकोमा कार्य सम्पन्न पश्चात पेश भएको प्राविधिक मुल्यांकन साथ संलग्न उपभोक्ता समितिको विल भरपाई परीक्षण गर्दा निर्माण सामाग्री विल भरपाई भन्दा अधिक मात्रमा डोर हाजिर समावेश गरी देहाय अनुसार खर्च प्रमाणित गरिएको देखियो :

| सि.नं | आयोजनाको नाम | लागत अनुमान | निर्माण सामाग्रीको विल | डोर हाजिर समावेश गरी भुक्तानी गरिएको ज्यामी ज्याला | निर्माण सामाग्री भन्दा डोर हाजिर समावेश गरि भएको खर्च बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कुमेढुङ्गा पार्क निर्माण | ४८५७३५.० | २२०४३७.७६ | २,५२,०००.० | १४.३१ प्रतिशत |
| २. | मिलिनियम ट्रेक भासी पोखरी पार्क निर्माण | ८५०४३२.० | १३६७८५.० | ५,४०,०००.० | २९४ प्रतिशत |
| | | | जम्मा | ७,९२,०००.० | |

लागत अनुमानमा उल्लेख गरिए भन्दा बढी डोर हाजिर समावेश गरि अनुमोदन गरिएको योजनाहरुको खर्च रु.७,९२,०००.० सम्वन्धमा निर्माण सामाग्री र ज्याली बिचको अनुपात लागत अनुमान अनुसार तयार गरि कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९२,००० |

२६.२ **दर रेट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । मिलिनियम ट्रेक भासी पोखरी पार्क निर्माण कार्यको आइटम नं ६ को स्टोन मेशिनरीको कार्य गराउँदा प्रति घन मिटर रु.९०४२ को आधारमा भुक्तानी दिनुपर्नेमा रु.१०,१६३.७३।- का दरले भुक्तानी दिएको देखियो।अत: बढि दर विश्लेषण गरी भुक्तानी भएको रु.५६,९७३.६६। (११२१.१३*५०.७९=५६९७३.६६) सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,९७३.६६ |

२७ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०२ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११२ | १० | २३ | ८१ |
| २. | वडास्तरीय | १९० | ० | ३५ | १५५ |
| | **जम्मा** | **३०२** | **८** | **५८** | **२३६** |

उपर्युक्त विवरणअनुसार ३०२ योजनामध्ये २३६ अर्थात् ७८ प्रतिशत योजन रु.५ लाख भन्दा घटिका, ५८ योजना अर्थात् १९ प्रतिशत रु.५ लाख देखि रु.१० लाख सम्मका योजना र ८ अर्थात ३ प्रतिशत रु.२० लाखभन्दा बढीका योजना सञ्चालन गरेको पाईयो। पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२८ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ :

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | २८७ | ३० | ० | ० | १० |

२९ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पलिकाले रु.१४,३६,००,०००।–को खरिद योजना तयार गरेकोमा विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२,००,९०,८८४।– पूँजीगत सहित रु.१४,३६,००,०००।- खर्च गरेको छ।नियमानुसार खरिद योजना तथा गुरुयोजना बनाई व्यवस्थित र प्रावकारी हुने गरी खर्च गर्नुपर्दछ।

३० **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २३.३१ देखि २९.२७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र.सं. | योजनाकोविवरण | ठेक्कानं. | बोलपत्रदाता | लागतअनुमान | सम्झ |
|---|---|---|---|---|---|
| १. | बेलघारी मेथाभुरुङ सापौडे सडकको स्तरोन्नति | ००५/२०८०/८१ | लम्सालकन्ट्रक्सनप्राली, पोखरा१७, कास्की | 1,25,69,589.50.0 | 90,8 |
| २. | बस्तारा खोला, मेम खोला,ज्याग्दी खोला नदी संरक्षण कार्य | ००३/२०८०/८१ | बेत्रागंगा इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रालि, टोखा ११, बानियाटार | 1,19,18,922.90 | 91,7 |
| ३. | बिरुवा खfली सडकको स्तरोन्नति तथा मर्मत सम्भार | ००४/२०८०/८१ | लाखे बिल्डर्स नेपाल प्रा, पुतलीबजार-१३, स्याङ्जा | 5779316.60 | 410 |
| ४. | लालाङ तर्ले कुशुम्भज्याङ सडकको स्तरोन्नति | ००६/२०८०/८१ | लम्साल कन्ट्रक्सन प्राली | 47,38,449.60 | ३२ |
| ५. | बिरुवा शिखरसिंह दाहा सडकको स्तरोन्नति | ००२/२०८०/८१ | सुर्य संकल्प ईन्जिनयर एण्ड कन्सल्टेन्सी प्राली | 2400652.10 | 170 |
| ६. | भञ्ज्याङ बहु बिरुवा सडकको स्तरोन्नति | ००१/२०८०/८१ | सुर्य संकल्प ईन्जिनयर एण्ड कन्सल्टेन्सी प्राली | 3019511.00 | २० |

३१ **भवन निर्माण मापदण्डको पालना :**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले स्थानीय तहलाई बस्ती विकास तथा भवन निर्माण सम्वन्धमा राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम निर्माण अनुमती, अनुगमन र नियमन गर्ने, स्थानीय तह क्षेत्र भित्रको गाउँ / नगर स्तरीय सडकको दायाँ बायाँको अधिकार क्षेत्र तोक्ने, भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्ने, गराउने, विपद व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने, आफ्नो क्षेत्रमा रहेका भवनहरु.को बर्गीकरण गरी भुकम्प वा विपदका दृष्टिकोणले जोखिमयुक्त भवनहरु.लाई पुन निर्माण गर्ने, प्रवलीकरण गर्ने वा भत्काउन आदेश दिने लगायतका जिम्वेवारीहरु. प्रदान गरेको छ ।ऐनले माथि उल्लेखित जिम्मेवारीहरु. प्रदान गरेतापनि पालिका अन्तर्गत भवन निर्माण गर्दा नक्शा पास गर्ने नगरिएको, राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम निर्माण अनुमती, अनुगमन र नियमन भएको देखिएन ।साथै भवन निर्माण संहिताको पालना नगरी पालिकाले उपभोक्ता समितिसँग साझेदारी गरी देहायको सामुदायिक भवनहरु. निर्माण गरेको देखियो :

| क्र.स. | भौनं र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १. | २७९-२०८१।१।२४ | मगरात जनसेवा बहुउदेश्यी सामुदायिक भवन निर्माण | ९७०००.० |
| २. | २८१-२०८१।१।२४ | मोचावारी सामुदायिक भवन निर्माण विरु.वा | ३८७६९३ |
| ३. | २८७-२०८१।१।२५ | तल्लो बलेउ सामुदायिक भवन निर्माण | ३८८०००.० |
| ४. | २८९-२०८१।१।२४ | नवज्योती मावी सभाहर निर्माण | २९१०००.० |
| ५. | ३००-२०८१।२।०३ | वेल बहादुर स्मृति भवन निर्माण | २७४११३ |
| ६ | ३०९-२०८१।१।२४ | धोवादी सामुदायिक भवन निर्माण | २२५०२०.० |
| ७ | २०८१।०२।२७ | पुष्पमदन बहुउद्देश्य भवन निर्माण | ४८५०००.० |
| ८ | ३२६।०८१।०२।२९ | बेसारडाँडा बहुउद्देशीय सामुदायिक भवन निर्माण | ४८२११७.० |
| ९ | ३२७।०८१।०२।२९ | खाङराङ्ग सामुदायिक भवन निर्माण | ३८८०००.० |
| १० | ३३०।०८१।०२।३१ | डिहि समाज निर्माण | २८७१३८.० |
| ११ | ३३३।०८१।२।३१ | सानाकिसान सहकारी भवन | २८६००३.० |
| १२ | ३५५।०८१।३।१८ | पुष्पलाल स्मृति भवन निर्माण | २८४७१९.० |
| १३ | ३६१।०८१।३।१८ | गौखा सामुदायिक भवन निर्माण | १११४०.० |
| १४ | ३६८।०८१।०३।१९ | वि.पी. स्मृति भवन निर्माण | २८२४२१.० |

माथी उल्लेखित भवनहरु. केही अधुरो रहेको, कुनै आशिंक रु.पमा सम्पन्न भएतापनि राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम निर्माण अनुमती, अनुगमन र नियमन भएको देखिएन ।सर्व साधारणको अत्याधिक उपस्थिति हुने सामुदायिक भवनहरु. राष्ट्रिय भवन संहिता तथा मापदण्डको पालना नगरी निर्माण अनुमति दिंदा भुकम्प लगायतको प्राकृतिक प्रकोपको जोखिम रहन्छ ।अत: पालिका अन्तर्गत सामुदायिक भवनहरु. निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा मापदण्डको कडाइका साथ पालना गर्नुपर्दछ ।

३२ **योजना अनुगमन :**

योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन । साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

३३ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम :**

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत यस पालिकाको वडा नं. १ मा गरिवी निवारणका लागि विरु.वा चप्पल उद्योग लघु उद्यमी समुहका ३० जनाले लघु उद्यम सिप विकास तालिम लिएर उद्यम गरिरहेका उद्यमीहरु.लाई चप्पल बनाउने मेशिन खरिद गरि बितरण गर्ने कार्यक्रम रहेकोमा पालिकाले गो.भौ.नं. १०६/२०८१।०१।१४ मा रु.३,०२,०३२ खर्च गरेको छ। स्थानीय जनताहरु.लाई लघु उद्यमको माध्यमबाट स्वरोजगारी बनाउने उद्देश्य अनुरु.प संचालन गरिएको कार्यक्रमबाट भएको रोजगारी सिर्जना, उत्पादनमा भएको वृद्धि, कार्यक्रमको लागत, लाभ र दिगोपनाको विश्लेषण सहित लघु उद्यमलाई टेवा पुग्ने गरी कार्यक्रम संचालन भएको छ छैन भनि पालिकाबाट अनुगमन गर्नु पर्दछ ।

३४ **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ :

| कार्यविवरण | परामर्शदाता | स्वीकृतरकम रु. | खर्चरकम रु. | अध्ययनबाटनिर्धारण भएकोआयोजनाकोलागत रु. |
|---|---|---|---|---|
| धोवाडी खाली सडकको विस्तृत इन्जिनियरिङ सर्वेक्षण डिजाइन र लागत अनुमान | SAP कन्सल्टेन्सी प्रालि, शंखमुल, काठमाडौं | ४,९६,५७८.० | २,६४,४५०.० | ४३,२२,३४,३७९.० |
| IEE पुष्प मदन बहुउद्वेश्य कार्य | " " " | " " " | १,७५,०००.० | |
| लतापिपल धराडी अमडाडा लेवा रोड खली रोडको विस्तृत इन्जिनियरिङ सर्वेक्षण डिजाइन र लागत अनुमान | श्रेया कन्सल्टेन्सी प्रा लि. | ३,९४,७९९.० | ३,९४,७९९.० | ५०,२१,१०,४९५.० |
| गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना निर्धारण कार्यक्रम | सुशासन तथा विकास अध्ययन केन्द्र, ललितपुर | २,९९,९९९.१८ | २,९३,८००.० | १,४७,२५,०००.० |
| **जम्मा:** | | **११,९१,३७६.१८** | **११,२८,०४९.०** | |
| परामर्श तर्फः | | | | |
| मिलेनियम ट्रेक (पदमार्ग)व्यवस्थापन समितिलाई नक्शा निर्माण ३००,००० सम्झौता | | पर्यटन प्रवर्द्धन कार्यक्रम | ३,००,०००।- | ५५५/३/११ |
| गभर्नेन्स एण्ड डिजाईन सोलुशन प्रा. लि. | | राजस्व सुधार कार्ययोजना निर्माण अध्ययन प्रतिवेदन (रिपोर्ट) | ४,९३,८१०- | ५८१/३/२० |
| सस्टेनेबल कम्युनिटि एकाउन्टाविलिटी रिसर्च सेन्टरलाई MTEF निर्माणको ल भुक्तानी | | विरुवा गाउँवपालिकाको मध्यकालिन खर्च संरचना | ४९२६८०।- | ५७९/३/३० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

३५ **प्राविधिक बिल तथा कार्य सम्पन्न :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले

गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बिरुवा गाउँपालिका, स्याङ्जा , बिरुवा गाउँपालिका , स्याङजा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चन्द्रकान्त भण्डारी | २०८०-४-१ | २०८०-५-१३ |
| कार्यालय प्रमुख | भेषराज आचार्य | २०८०-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शंकर चापागाई | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २८५,०७५.८५ | २१४,७१९ | १,४०१,६०० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,९०१,३९४.८५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५१८,५८० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,३८२,८१४.८५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६६१०९११५.९८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१९५१६१९८ | चालु खर्च | २८५६८७०८०.९९ |
| प्रदेश सरकारबाट अनुदान | १४६००५०० | पूँजीगत खर्च | १२००९०८८४ |
| राजश्व बाँडफाँट | ६८०९९११७.२७ | वित्तीय/अन्य व्यवस्था | १६९५६२४५९.६५ |
| आन्तरिक आय | ६२७८३०२.० | | |
| अन्य आय | १५३१६६४१६.६१ | | |
| कुल आय | ५६१६६०५३३.८८ | कुल खर्च | ५७५३४०४२४.६४ |
| बाँकी मौज्दात | | ५२४२९२२५.२२ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।